स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



हिन्दी सिनेमाका सुपरस्टार सलमान खान आजभोलि सामाजिक सञ्जालमा निकै सक्रिय देखिन थालेका छन्। उनका विभिन्न पोस्टहरु आएको दिन चर्चामा छाइरहन्छन्। यसैबिच सोमबार अचानक सलमानको आधिकारिक इन्स्टाग्राम अकाउन्ट सस्पेन्ड भएपछि उनका प्रशंसकहरु निकै चिन्तित बनेका थिए। तर, केही समयको अन्तरालपछि उनको इन्स्टाग्राम ह्यान्डल पुनः सुचारु भएको छ।

**आजको विचार...**



नेपाल...
(दुई पेजमा)

डा. गंगादत्त नेपाल

चलचित्र "पाँच पाण्डव"को छायाँन सकिएको छ। ६६औं दिनमा चलचित्रको छायाँन सकिएको हो। छायाँन प्याकअप लेखिएको केक काट्दै निर्माण युनिटले सोमबार चलचित्रको इन्डक्ल्याप गरेको हो। चलचित्रका निर्देशक वसन्त निरौला हुन्। "२०८२ चैत २ गतेबाट सुरु भएको चलचित्रको छायाँन हामीले ६६ दिन लगाएर सक्यौं", निर्देशक निरौलाले भने, "चलचित्रको छायाँनमा हामीले कुनै पनि कम्प्रमाइज गरेका छैनौं।"



❒ वर्ष ३१ ❒ अंक २९७ ❒ २०८३ जेठ १२ गते मंगलबार 26 May 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### बङ्लादेशमा ट्रक दुर्घटना १५ को मृत्यु

(रासस/एपी)

ढाका, जेठ ११/मध्य बङ्गलादेशमा प्रमुख राजमार्गमा सोमबार बिहान भएको भीषण ट्रक दुर्घटनामा कम्तीमा १५ जनाको मृत्यु भएको छ भने अन्य १० जना घाइते भएका छन् । फलामको रड र अतिरिक्त यात्रु बोकेको उक्त ट्रक अनियन्त्रित भई पल्टिँदा ठूलो मानवीय क्षति भएको प्रहरीले जनाएको छ । दुर्घटना राजधानी ढाकाबाट करिब ८३ किलोमिटर उत्तर-पश्चिममा पर्ने टाङ्गैल जिल्लाको सोराटोल क्षेत्रमा बिहान करिब ५ बजे भएको हो । स्थानीय प्रहरी प्रमुख फुआद हुसेनका अनुसार चालकले नियन्त्रण गुमाएपछि ट्रक सडकमा पल्टिएको थियो । उनका अनुसार ट्रकले हिचहाइक (यात्राका लागि लिफ्ट लिएका) यात्रुहरू बोकेको थियो र ढाकाबाट उत्तरी क्षेत्रतर्फ जाँदै थियो । दुर्घटनापछि घटनास्थलमै धेरै यात्रुको मृत्यु भएको पुष्टि गरिएको छ । घटना इस्लामिक पर्व ईद अल-अधा अघि यात्रुहरूको चहलपहल बढिरहेका बेला भएको हो । आगामी बिहीबार मनाइने उक्त पर्वका लागि धेरै मानिसहरू आफ्नो परिवारसँग भेट्न देशभर यात्रा गरिरहेका छन् । प्रहरीका अनुसार दुर्घटनामा परेकामध्ये अधिकांश दैनिक ज्यालादारीमा काम गर्ने मजदुर रहेका थिए । उनीहरू चाडपर्वका लागि आफ्ना परिवारसँग पुनः भेट गर्न यात्रा गरिरहेका थिए । प्रत्यक्षदर्शीहरूले स्थानीय टेलिभिजन च्यानलहरूलाई बताएअनुसार ठूलो आवाज सुनेपछि उनीहरू घटनास्थलमा पुगेका थिए । त्यसपछि फसेका यात्रुहरूलाई उद्धार गर्ने प्रयास गरिएको थियो ।


# सिद्धबाबा सुरुङमार्गको भौतिक प्रगति ६८ प्रतिशत

## असोजदेखि गाडी सञ्चालन गर्ने तयारी, यात्रुमा उत्साह

**हाम्रा संवाददाता**

**पाल्पा,** जेठ ११/बर्सौंदेखि पहिरो र चट्टान खस्ने जोखिमका कारण त्रासको यात्रा बन्ने गरेको सिद्धार्थ राजमार्गको सिद्धबाबा क्षेत्र अब सुरक्षित यात्रातर्फ अघि बढिरहेको छ । मृत्युमार्गले परिचित यो क्षेत्रमा सुरुङमार्ग निर्माणको काम अन्तिम चरणमा पुगेको छ । हालसम्म निर्माणाधीन सुरुङमार्गको भौतिक प्रगति ६८ प्रतिशत पुगेको सद्धबाबा सुरुङमार्ग आयोजनाले जनाएको छ । आयोजनाका अनुसार वित्तीय प्रगति भने ५८ प्रतिशत पुगेको छ ।

आयोजनाले आगामी असोजदेखि यातायात सञ्चालनमा ल्याउने गरी निर्माण कार्यलाई तीव्रता दिइएको जनाएको छ । आयोजनाले सुरुङमार्गभित्रका संरचना निर्माण, पहुँच सडक र सुरक्षा व्यवस्थासम्बन्धी कामलाई एकसाथ अघि बढाएको छ । आयोजनाका प्रमुख राजेश पौडेलले सुरुङमार्गमार्फत आगामी असोजसम्म यातायात सञ्चालन गर्ने लक्ष्यअनुसार कामलाई तीव्रता दिइएको जानकारी दिए । उनका अनुसार निर्माण सम्पन्न भएपछि पाँच वर्षसम्म सम्बन्धित निर्माण कम्पनीले सञ्चालन, मर्मतसम्भार तथा सुरक्षाको जिम्मेवारी बहन गर्नेछ । त्यसपछिको थप पाँच वर्ष 'ल्याटेन्ट डिफेक्ट लायबिलिटी पिरियड' (डिएलपी) का रूपमा रहने व्यवस्था गरिएको छ । निर्माण कार्य अन्तिम चरणमा पुगेपछि यस सडक खण्ड हुँदै यात्रा गर्ने यात्रुहरुले उत्साहित



भएका छन् । अब सुरुङमार्ग बन्नेमा आफुहरु विश्वस्त रहेको उक्त सडक खण्ड प्रयोग गर्दै आएका यात्रु थर्कबहादुर बगाले बताउन्छन् । उनले भने "सरकारले आर्थिक अभावका कारण बजेट कटौती गरेर सुरुङमार्गको काम समयमै नसकिने हो कि भन्ने लागेको थियो । तर त्यसो देखिएन । ६८ प्रतिशत काम सकिएर आसोजदेखि गाडी सञ्चालनमा आउने कुराले खुसी लागेको छ ।" अर्का यात्रु गम्भीर रायमाझी भन्छन् "कतिपय सञ्चालन भएर अन्तिर चरणमा पुगेका योजनाहरु बजेट अभावमा अलपत्र परेका धेरै भएकाले कतै यहाँको सुरुङमार्गको काम पनि त्यस्तै हुने त हैन भन्ने लागेको थियो । लगभग काम त अन्तिम - अन्तिम भइसकेको रहेछ । यसले आफुहरु जस्ता यात्रुहरुमा सुखीयाली छाएको छ ।" असोजदेखि गाडी सञ्चालन गर्ने गरी आयोजनाले काम अगाडि बढाएपछि यो सडक क्षेत्र भएर यात्रा गर्ने हजारौं यात्रुलाई खुसी दिलाएको छ । सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन सडक खण्डको माथिल्लो सिद्धबाबा मन्दिरदेखि १ हजार १ सय २६ मिटर सुरुङमार्ग २०७९ सालदेखि निर्माण सुरु भएको हो । सुरूङमार्ग पाँच वर्षमा सक्ने गरी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले सात अर्ब ३४ करोड २१ लाख ४० हजारको लागतमा सुरु गरेको थियो । सिद्धार्थ राजमार्गको तल्लो सिद्धबाबा मन्दिरदेखि पाल्पाको दोभानसम्म अत्यधिक पहिरो झर्ने क्षेत्र पर्छ । सुक्खायाममा पनि धुले पहिरो खस्ने गरेकाले राजमार्गको यस खण्डलाई सुरक्षित बनाउन सुरुङमार्ग निर्माण गरिएको हो । ठूलो क्षति व्यहोर्नु परेको र त्रासदीमा यात्रा गर्नुपर्ने बाध्यतामा रहेका यात्रुहरू सुरुङमार्गको काम धमाधम भएपछि वर्षौंदेखि सुरुङ बन्ने सपना विपनामा परिणत हुनेमा ढुक्क भएका छन् । यो सडक खण्ड प्रयोग गरी गुल्मी, पाल्पा, अर्घाखाँची, स्याङ्जा, पोखरा, बाग्लुङ तथा म्याग्दीसम्म यातायातका साधन चल्ने गर्छन् । यहाँ हरेक वर्ष जाने पहिरोले जनधनको क्षति पुऱ्याउने गर्दछ । दैनिक हजारौं सवारीका साधन गुड्ने यो क्षेत्रमा अहिलेसम्म सयौं मानिसले ज्यान गुमाएका छन् । हिउँदमा समेत पहिरो खसेर कैयौं यात्रुले ज्यान गुमाउनु परेको इतिहास साक्षी छ ।

# लुम्बिनीको नीति तथा कार्यक्रम

## सुशासन, आर्थिक समृद्धि र प्रशासनिक सुधार प्राथमिकता

**लुम्बिनी,** जेठ ११/लुम्बिनी प्रदेश सरकारले सुशासन, आर्थिक समृद्धि र प्रशासनिक सुधारलाई केन्द्रविन्दुमा राखेर नयाँ योजनाहरू अघि सारेको छ । प्रदेश सरकारले सोमबार प्रदेश सभामा प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा प्रशासनिक सुधारको कामलाई प्रमुख प्राथमिकतामा राखिएको छ ।

प्रदेश प्रमुख कृष्णबहादुर घर्तिमगरले प्रदेशसभाको आठौँ अधिवेसनको छैटौं बैठकमा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् ।

**यस्ता छन् नीति तथा कार्यक्रम मन्त्रालयको सङ्ख्या १२ बाट घटाएर आठ बनाइने**

नीति तथा कार्यक्रमको सबैभन्दा ठूलो प्रशासनिक सुधारअन्तर्गत लुम्बिनी प्रदेश सरकारले हाल कायम रहेका १२ मन्त्रालयलाई पुनर्संरचना गर्ने घोषणा गरेको छ । आगामी २०८३ साउन १ गतेदेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित जम्मा आठ वटा मन्त्रालय मात्र कायम गरिने नीति लिइएको छ । सरकारको काम



कारबाहीलाई चुस्त, मितव्ययी र प्रभावकारी बनाउन यो कदम चालिएको हो ।

**एक पालिका एक अर्गानिक बाली**

कृषिको आधुनिकीकरण र व्यावसायिकरणका लागि प्रादेशिक कृषि ऐनको तर्जुमा गरिने भएको छ । तहसँगको सहकार्यमा एक पालिका एक अर्गानिक/रैथाने बाली उत्पादनको नीति अवलम्बन गरिनेछ । यसैगरी, कृषि उत्पादनमा आत्मनिर्भरता बढाउन प्रदेशका विभिन्न जिल्लामा विशिष्टीकृत स्रोत केन्द्रहरू स्थापना गरिनेछ । नीति तथा कार्यक्रममा कपिलवस्तुमा प्रादेशिक बागवानी स्रोत केन्द्र, अर्घाखाँचीमा बाख्रा स्रोत केन्द्र, गुल्मीमा पहाडी फलफूल स्रोत केन्द्र, प्यूठानमा तरकारी बीउ स्रोत केन्द्र र रुकुम पूर्वमा आलु बीउ स्रोत केन्द्र स्थापनाको प्रक्रिया अगाडि बढाइने उल्लेख छ । सीमान्तकृत, विपन्न, मुक्तकमैया, मुक्तकम्लहरी, भूमिहीन, दलित लगायतका समुदायको जीवनस्तर सुधार गर्न रोजगारी तथा आयआर्जन अभिवृद्धि हुनेगरी बगर खेती, सामूहिक खेती तथा पशुपन्छीपालन लगायतका लक्षित समुदाय विशेष कृषि कार्यक्रमलाई निरन्तरता दिइएको छ । आजको सहुलियत, भोलिको समृद्धि भन्ने मूल मर्मका साथ सुलभ कर्जा तथा ब्याजमा अनुदान कार्यक्रमलाई थप सरलीकृत गरी जिल्लास्थित कार्यालयबाटै कृषि बाली वस्तु क्षेत्रमा ब्याज अनुदान उपलब्ध गराइने, प्रदेशस्थित हुलाकी मार्ग आसपासका क्षेत्रमा मासु र दुग्धजन्य उत्पादन वृद्धिका लागि भैंसी प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइएको छ। कालीगण्डकी करिडोर, मध्यपहाडी लोकमार्ग, मदन भण्डारी राजमार्ग, सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक, गोरुसिङ्गे-सन्धिखर्क सडक, दाङ-प्युठान सडक, चकचके-रोल्पा सडक, सहिद मार्ग र पूर्व-पश्चिम राजमार्गहरूको आसपासका लुम्बिनी प्रदेश भित्रका सम्भाव्य क्षेत्रमा अलैंचीलगायत उच्च मूल्यका बाली वस्तुको पहिचान गरी उत्पादन तथा बजारीकरणका कार्यक्रम सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिने उल्लेख छ ।

-बाँकी अन्तिम पेजमा...

'पानी जीवनको आधार, स्वच्छ पानी सबैको अधिकार'

**तानसेन खानेपानी उपभोक्ता समिति**
**तानसेन, पाल्पा**

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस तानसेन खानेपानी उपभोक्ता समितिको २०८३/०१/२९ गते बसेको बैठकको निर्णय र तानसेन खानेपानी उपभोक्ता समिति पाल्पाको विधान अनुसार समितिको ११ औं साधारण सभा निम्न मिति, स्थान र समयमा सञ्चालन हुने भएकाले सम्पुर्ण उपभोक्ता सदस्यज्युहरुलाई जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**मिति :** २०८३/०२/३० गते, शनिबार
**समय:** दिनको ११ बजे
**स्थान :** तानसेन नगरपालिकाको ठुलो सभाहल ।

*(नोट : खानेपानी सम्बन्धी कुनै सुझाव, प्रस्ताव भए लिखित रुपमा जेष्ठ २५ गते भित्र समितिको कार्यालयमा पेश गर्नु हुन सादर अनुरोध गर्दछौं ।)*

**सम्पर्क :** ९८५७०४४०८७, ०७५-५२२०८७

**प्रेम बहादुर मल्ल** — सचिव
**मोहन प्रसाद श्रेष्ठ** — अध्यक्ष

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## गंगा दशहराले दिने सन्देश

गंगा दशहरा हिन्दू धर्मावलम्बीहरूले मनाउने एक पर्व हो । आज यो मनाइँदै छ । यो पर्व नेपाल तथा भारत सबै ठाउँमा मनाउने गरिन्छ । यस पर्वमा गंगा नदीमा स्नान गर्नाले सम्पूर्ण पापबाट मुक्त भइन्छ भन्ने धार्मिक मान्यता रहेको छ । यो पर्व ज्येष्ठ शुक्ल प्रतिपदाबाट शुरु भई दशमी सम्म १० दिन मनाउने गरिन्छ । दश योग जोडिएको दिनलाई दशहरा अर्थात् दशमी पर्व भन्ने गरिन्छ । आजको दिन गंगा नदीमा स्नान गर्दा या गंगा जलले अभिषेक गर्दा मात्र पनि दश प्रकारका पाप नाश हुने धार्मिक विश्वास छ । पाप नाश हुने र सँगसँगै आज गंगा स्नान गरेर पितृलाई तर्पण दिँदा पितृले मुक्ति पाउने र स्वर्ग जाने र आफ्नो सबै मनको इच्छा पूरा हुने जनविश्वास पनि छ ।

नेपाल तथा भारतका हिन्दू धर्मावलम्बीहरूले श्रद्धापूर्वक मनाउने गङ्गादशहरा केवल धार्मिक पर्व मात्र होइन, सभ्यता, संस्कार र प्रकृतिप्रतिको सम्मानको प्रतिक पनि हो । ज्येष्ठ शुक्ल दशमीका दिन मनाइने यस पर्वमा स्वर्गबाट पृथ्वीमा गङ्गाको अवतरण भएको विश्वास गरिन्छ । तर आजको परिवर्तित समयले गंगा दशहरालाई केवल कर्मकाण्डमा सीमित नराखी वातावरण संरक्षणसँग जोडेर बुझ्न आवश्यक बनाएको छ । हिन्दू सभ्यतामा नदीलाई जीवनदायिनी आमाका रूपमा सम्मान गरिन्छ । गंगा नदीलाई पवित्रताको प्रतिक मानिए पनि आज विश्वभर नदीहरू प्रदूषण, अतिक्रमण र अव्यवस्थित विकासको चपेटामा परिरहेका छन् । नेपालका बागमती, विष्णुमती, नारायणी, कोशी वा कर्णालीजस्ता नदीहरूको अवस्था पनि चिन्ताजनक बन्दै गएको छ । नदीलाई पूजा गर्ने तर त्यसैमा फोहोर फाल्ने प्रवृत्तिले हाम्रो आस्था र व्यवहारबीचको विरोधाभास उजागर गरेको छ । गंगा दशहराले मानिसलाई आत्मशुद्धिको सन्देश दिन्छ । तर वास्तविक शुद्धि केवल स्नानले होइन, सोच र व्यवहारको परिवर्तनबाट सम्भव हुन्छ । यस पर्वले सामाजिक सद्भाव र मानवीय सेवाको भावना पनि अभिवृद्धि गर्दछ ।

दान, सहयोग र परोपकारका कार्यले समाजमा सकारात्मक ऊर्जा फैलाउँछन् । त्यसैले गंगा दशहरालाई केवल धार्मिक अनुष्ठानका रूपमा मात्र होइन, सामाजिक चेतना र वातावरणीय उत्तरदायित्वको अभियानका रूपमा मनाउन सके यसको वास्तविक महत्व अझ बढ्नेछ । गङ्गादशहराले हामीलाई प्रकृति, संस्कृति र मानव जीवनबीचको गहिरो सम्बन्ध सम्झाउँछ । आस्था तब मात्र सार्थक हुन्छ जब त्यसले समाज र वातावरण दुवैको हित गर्छ । नदी जोगाउनु भनेको सभ्यता जोगाउनु हो भन्ने चेतना फैलाउनु नै आजको गंगा दशहराको मुख्य सन्देश बन्नुपर्छ ।

### Opinion @ Social Network

कहिलेकाहीं बाटो धेरै कठिन हुन्छ...
तर सपना सजिलै पूरा हुने भए, संघर्षको अर्थ नै रहने थिएन ।
*(रमेश बि.क.को फेसबुक स्टाटसबाट www.facebook.com/Ramesh.B.K)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाल किन विकसित हुन सकेन ?



डा. गंगादत्त नेपाल

*दक्षिण एसियाका धेरै मुलुकले तीव्र आर्थिक तथा पूर्वाधार विकास हासिल गरिसक्दा नेपाल अझै पनि बेरोजगारी, गरिबी, राजनीतिक अस्थिरता, कमजोर प्रशासन, भ्रष्टाचार, कमजोर उत्पादन प्रणाली तथा परनिर्भरताको समस्याबाट जुझिरहेको छ । विकास केवल सडक, भवन वा पुल निर्माणमात्र होइन ।*

नेपाल प्राकृतिक स्रोत, सांस्कृतिक विविधता, भौगोलिक सुन्दरता तथा मानव संसाधनका दृष्टिले अत्यन्त सम्भावनायुक्त राष्ट्र हो । हिमाल, पहाड र तराईको विविध भू-बनोट, जलस्रोतको प्रचुर सम्भावना, जैविक विविधता, पर्यटन आकर्षण तथा युवा जनशक्ति नेपालका महत्त्वपूर्ण सम्पत्ति हुन् । यति धेरै सम्भावना हुँदाहुँदै पनि नेपाल अपेक्षित रूपमा विकासको मार्गमा अघि बढ्न सकेको छैन । दक्षिण एसियाका धेरै मुलुकले तीव्र आर्थिक तथा पूर्वाधार विकास हासिल गरिसक्दा नेपाल अझै पनि बेरोजगारी, गरिबी, राजनीतिक अस्थिरता, कमजोर प्रशासन, भ्रष्टाचार, कमजोर उत्पादन प्रणाली तथा परनिर्भरताको समस्याबाट जुझिरहेको छ । विकास केवल सडक, भवन वा पुल निर्माणमात्र होइन्छ यो आर्थिक समृद्धि, सामाजिक न्याय, सुशासन, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा नागरिकको जीवनस्तर सुधारसँग सम्बन्धित व्यापक प्रक्रिया हो । नेपाल विकास हुन नसक्नुमा बहुआयामिक कारण छन् । ऐतिहासिक, राजनीतिक, सामाजिक, आर्थिक तथा प्रशासनिक कमजोरीहरू यसको मूल जडका रूपमा छन् । यस लेखमा नेपाल विकास हुन नसक्नुका प्रमुख कारणहरूबारे विस्तृत रूपमा चर्चा गरिन्छ । नेपालको विकास अवरुद्ध हुनुको सबैभन्दा ठूलो कारण राजनीतिक अस्थिरता हो । प्रजातन्त्र स्थापना भएयता नेपालमा सरकार बारम्बार परिवर्तन हुने प्रवृत्ति रहँदै आएको छ । कुनै पनि सरकारले दीर्घकालीन योजना बनाएर कार्यान्वयन गर्ने पर्याप्त समय पाउन सकेको छैन । सरकार परिवर्तनसँगै नीति, कार्यक्रम र प्राथमिकताहरू परिवर्तन हुने हुँदा विकास योजना अधुरै रहने गरेका छन् । राजनीतिक दलहरूबिच राष्ट्रिय हितभन्दा सत्ता संघर्षलाई बढी प्राथमिकता दिने प्रवृत्तिले विकास प्रक्रियालाई कमजोर बनाएको छ । राजनीतिक नेतृत्वले विकासभन्दा पनि शक्ति केन्द्रित राजनीति, भागबन्डा तथा व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिँदा देशले स्थायित्व प्राप्त गर्न सकेको छैन । राजनीतिक अस्थिरताले विदेशी लगानीकर्ताहरूलाई समेत निरुत्साहित बनाएको छ ।

**भ्रष्टाचार र कमजोर सुशासन :**
नेपालमा विकास हुन नसक्नुको अर्को महत्वपूर्ण कारण व्यापक भ्रष्टाचार हो । राज्यको स्रोत तथा बजेट सही ठाउँमा प्रयोग नहुँदा विकासका योजनाहरू प्रभावकारी बन्न सकेका छैनन् । ठूला विकास आयोजनाहरूमा कमिसन, अनियमितता, ढिलासुस्ती तथा गुणस्तरहीन कामका समस्या बारम्बार देखिन्छन् ।भ्रष्टाचारका कारण सरकारी सेवाप्रति नागरिकको विश्वास घट्दै गएको छ । विकास निर्माणका लागि छुट्याइएको बजेटको ठूलो हिस्सा दुरुपयोग हुँदा जनताले अपेक्षित सेवा प्राप्त गर्न सकेका छैनन् । सुशासनको अभाव, पारदर्शिताको कमी तथा जवाफदेहिताको कमजोर अवस्थाले विकासलाई थप प्रभावित बनाएको छ । यदि प्रशासनिक प्रणाली पारदर्शी, जिम्मेवार तथा परिणाममुखी बन्न सकेको भए नेपालले उपलब्ध स्रोत र साधनलाई प्रभावकारी रूपमा उपयोग गर्न सक्थ्यो, तर कमजोर अनुगमन र राजनीतिक संरक्षणका कारण भ्रष्टाचार नियन्त्रण चुनौतीपूर्ण बनेको छ ।

**कमजोर शिक्षा प्रणाली :**
कुनै पनि राष्ट्रको विकास शिक्षाको गुणस्तरसँग प्रत्यक्ष सम्बन्धित हुन्छ । नेपालमा विद्यालय तथा विश्वविद्यालयको संख्या बढे पनि गुणस्तरीय शिक्षा अझै चुनौतीकै रूपमा छ । शिक्षा प्रणाली बढी सैद्धान्तिक तथा परीक्षा केन्द्रित भएकाले व्यवहारिक ज्ञान, सीप तथा अनुसन्धानलाई पर्याप्त महत्त्व दिइएको छैन । प्राविधिक तथा व्यवसायिक शिक्षाको कमीका कारण दक्ष जनशक्ति उत्पादन हुन सकेको छैन । लाखौं युवा उच्च शिक्षा लिएपछि पनि बेरोजगार बन्न बाध्य छन् । अर्कोतर्फ, दक्ष युवाशक्ति रोजगारीका लागि विदेश पलायन भइरहेका छन् । यसले देशभित्र आवश्यक मानव संसाधनको अभाव सिर्जना गरेको छ । शिक्षा प्रणालीलाई श्रम बजार, प्रविधि तथा उत्पादनसँग जोड्न नसक्दा देशको आर्थिक विकासमा शिक्षा क्षेत्रले अपेक्षित योगदान दिन सकेको छैन ।

**बेरोजगारी र युवा पलायन :**
नेपालमा उद्योग, उत्पादन तथा रोजगारीका अवसर सीमित भएकाले ठूलो संख्यामा युवा विदेसिन बाध्य छन् । दैनिक हजारौं युवा वैदेशिक रोजगारीका लागि खाडी मुलुक, मलेसिया, कोरिया, जापान तथा अन्य देशतर्फ जाने गरेका छन् । युवाशक्ति कुनै पनि राष्ट्रको विकासको प्रमुख आधार हो, तर नेपालमा योग्य र ऊर्जाशील जनशक्ति विदेश पलायन हुँदा देशभित्र उत्पादनशील क्षेत्र कमजोर बनेको छ । रेमिट्यान्सले अल्पकालीन रूपमा अर्थतन्त्र धान्ने पनि दीर्घकालीन विकासका लागि यो दिगो समाधान होइन । यदि नेपालमै उद्योग, कृषि, पर्यटन, सूचना प्रविधि तथा उद्यमशीलताको वातावरण सिर्जना गर्न सकिएको भए युवाहरू बिदेसिनुपर्ने अवस्था कम हुन सक्थ्यो, तर सरकारी नीतिगत कमजोरी तथा लगानीमैत्री वातावरणको अभावले रोजगार सिर्जना हुन सकेको छैन ।

**कृषि क्षेत्रमा आधुनिकीकरणको अभाव :**
नेपाल कृषि प्रधान देश भए पनि कृषि क्षेत्र अझै परम्परागत प्रणालीमा आधारित छ । अधिकांश किसान सानो जमिन, सीमित प्रविधि तथा कमजोर बजार पहुँचका कारण व्यावसायिक कृषि गर्न सकिरहेका छैनन् । सिँचाइ, मल, बीउ, कृषि प्रविधि तथा भण्डारण व्यवस्थाको अभावले उत्पादन क्षमता कम छ । कृषि उत्पादन पर्याप्त नहुँदा नेपालले ठूलो मात्रामा खाद्यान्न आयात गर्नुपरेको छ । कृषिलाई सम्मानजनक तथा लाभदायक पेसाको रूपमा विकास गर्न नसक्दा युवा पुस्ता यस क्षेत्रबाट टाढिँदै गएको छ । यदि कृषि क्षेत्रमा आधुनिकीकरण, यान्त्रिकीकरण तथा बजार व्यवस्थापन गर्न सकिएको भए नेपालले आत्मनिर्भरता हासिल गर्नुका साथै ठूलो आर्थिक प्रगति गर्न सक्थ्यो ।

**औद्योगिक विकासको कमी :**
नेपालमा औद्योगिक विकास अत्यन्त कमजोर छ । उद्योग स्थापना गर्न आवश्यक पूर्वाधार, विद्युत, यातायात, दक्ष जनशक्ति तथा नीतिगत स्थिरताको अभाव छ । धेरै उद्योग बन्द भएका छन् भने नयाँ उद्योगमा लगानी पनि अपेक्षित रूपमा बढ्न सकेको छैन । उत्पादनमुखी अर्थतन्त्रको विकास हुन नसक्दा नेपाल आयातमा निर्भर बन्दै गएको छ । दैनिक उपभोगका वस्तुदेखि निर्माण सामग्रीसम्म विदेशबाट आयात गर्नुपर्ने अवस्था छ । यसले व्यापार घाटा बढाएको छ । औद्योगिक क्षेत्रको कमजोर अवस्थाले रोजगारी सिर्जना हुन नसक्नुका साथै राष्ट्रिय उत्पादन पनि घटेको छ । उद्योग, व्यापार तथा लगानीमैत्री वातावरण निर्माण नगरी देशको आर्थिक विकास सम्भव हुँदैन ।

**पूर्वाधार विकासमा कमजोरी :**
सडक, पुल, विद्युत, खानेपानी, सञ्चार तथा यातायात जस्ता पूर्वाधार विकासका आधारभूत तत्व हुन् । नेपालमा अझै पनि धेरै ग्रामीण क्षेत्र सडक, स्वास्थ्य सेवा तथा विद्युतको पहुँचबाट वञ्चित छन् । विकास आयोजना निर्माणमा ढिलासुस्ती, लागत वृद्धि तथा गुणस्तरहीन कार्यले पूर्वाधार क्षेत्र कमजोर बनेको छ । कतिपय आयोजना दशकौंसम्म सम्पन्न हुन सकेका छैनन् । यसले आर्थिक गतिविधि, व्यापार तथा लगानीलाई प्रत्यक्ष असर पारेको छ । भौगोलिक कठिनाइ नेपालका लागि चुनौती भए पनि प्रभावकारी योजना तथा प्रविधिको प्रयोगबाट पूर्वाधार विकास सम्भव थियो, तर कमजोर व्यवस्थापन तथा राजनीतिक हस्तक्षेपले अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन ।

**प्राकृतिक स्रोतको उचित उपयोग हुन नसक्नु :**
नेपाल जलस्रोत, पर्यटन तथा जैविक विविधतामा धनी देश हो । विश्वकै दोस्रो ठूलो जलस्रोत सम्पन्न देश मानिने नेपालले जलविद्युत् क्षेत्रमा पर्याप्त प्रगति गर्न सकेको छैन । उत्पादन भएको विद्युत् पनि पूर्ण रूपमा उपयोग हुन सकेको छैन । त्यस्तै, पर्यटन क्षेत्रमा अपार सम्भावना हुँदाहुँदै पनि पर्याप्त पूर्वाधार, प्रचार-प्रसार तथा व्यवस्थापनको कमीले अपेक्षित लाभ लिन सकिएको छैन ।

**सामाजिक विभेद र असमानता :**
नेपालमा जातीय, लैङ्गिक, क्षेत्रीय तथा आर्थिक असमानता अझै पनि विद्यमान छ । समाजका सबै वर्ग र क्षेत्रले समान अवसर प्राप्त गर्न सकेका छैनन् । दुर्गम क्षेत्रका नागरिक शिक्षा, स्वास्थ्य तथा विकासका अवसरबाट अझै पछाडि छन् । महिला, दलित, जनजाति तथा पिछडिएका समुदायहरूको सहभागिता सीमित हुँदा समावेशी विकासको लक्ष्य पूरा हुन सकेको छैन । जबसम्म विकासको प्रतिफल सबै नागरिकसम्म समान रूपमा पुग्दैन, तबसम्म राष्ट्रको समग्र विकास सम्भव हुँदैन ।

**राष्ट्रिय सोच र दीर्घकालीन दृष्टिकोणको अभाव :**
नेपालमा दीर्घकालीन राष्ट्रिय विकास दृष्टिकोणको कमी देखिन्छ । सरकार परिवर्तनसँगै योजना तथा प्राथमिकता बदलिने प्रवृत्तिले निरन्तरता कायम हुन सकेको छैन । विकासलाई राजनीतिक मुद्दाभन्दा राष्ट्रिय अभियानका रूपमा लिन आवश्यक भए पनि व्यवहारमा त्यो देखिएको छैन । विकासका लागि राष्ट्रिय एकता, साझा लक्ष्य तथा दिगो नीति आवश्यक हुन्छ, तर नेपालमा अल्पकालीन लोकप्रियता र राजनीतिक लाभलाई प्राथमिकता दिइने भएकाले दीर्घकालीन योजनाहरू प्रभावकारी बन्न सकेका छैनन् । यसर्थ, नेपाल विकास हुन नसक्नुका कारणहरू राजनीतिक अस्थिरता, भ्रष्टाचार, कमजोर शिक्षा प्रणाली, बेरोजगारी, कृषि तथा औद्योगिक पिछडापन, कमजोर पूर्वाधार, प्राकृतिक स्रोतको अपर्याप्त उपयोग तथा सामाजिक असमानतासँग सम्बन्धित छन् । यद्यपि, नेपालसँग अझै पनि विकासका विशाल सम्भावना छन् । यदि राजनीतिक स्थायित्व कायम गर्न सकियो, सुशासन र पारदर्शिता स्थापित गरियो, शिक्षा र उत्पादनलाई जोडियो, युवाशक्तिलाई देशभित्र अवसर प्रदान गरियो तथा प्राकृतिक स्रोतको वैज्ञानिक उपयोग गरियो भने नेपालले तीव्र विकास गर्न सक्छ । विकासका लागि सरकार मात्र होइन, नागरिक, निजी क्षेत्र, बुद्धिजीवी तथा सम्पूर्ण समाजको संयुक्त प्रयास आवश्यक हुनुपर्दछ । *-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : साझेदारीमा सोच बढ्न सक्छ। मनले साथ खोज्ने दिन रहनेछ।
**वृष** : जिम्मेवारीले व्यस्तता थप्नेछ। शरीरमा आलस्य बढ्न सक्छ।
**मिथुन** : काममा रुचि जाग्न सक्छ। व्यापार व्यवसाय अगाडि बढाउन सकिनेछ।
**कर्कट** : मन संवेदनशील बन्न सक्नेछ। नरम व्यवहारले सम्बन्ध बलियो बन्नेछ।
**सिंह** : धेरै व्यक्तिसँग सम्पर्क बढ्न सक्छ। यात्राले नयाँ अनुभव दिलाउन सक्छ।
**कन्या** : धनसम्बन्धी विषयमा सोच बढ्नेछ। सानो बचतले पछि राहत दिनेछ।
**तुला** : आकर्षण शक्ति बढ्नेछ। दिनभरि सन्तुलित ऊर्जा महसुस हुनेछ।
**वृश्चिक** : सोच परिवर्तन गराउन सक्छ। शान्त वातावरण लाभदायक रहनेछ।
**धनु** : सामाजिक सक्रियता बढ्ने संकेत छ। आशावादी सोचले ऊर्जा थप्नेछ।
**मकर** : जिम्मेवारीले विश्वास बढ्नेछ। अनुभवले निर्णय लिन सहयोग गर्नेछ।
**कुम्भ** : नयाँ विषय बुझ्ने जिज्ञासा बढ्नेछ। यात्राको योजना बन्ने सम्भावना देखिन्छ।
**मीन** : संवेदनशील विषयले मन छोइन सक्छ। आर्थिक निर्णयमा हतार नगर्नु ।

## विज्ञान/सूचना प्रविधि

# फोन धेरै तातेर हैरान हुनुहुन्छ ?




गर्मीको मौसम चलिरहेको छ र यस मौसमको असर मानिसका साथसाथै हाम्रा इलेक्ट्रोनिक डिभाइसहरूमा पनि परिरहेको छ । गर्मी मौसममा स्मार्टफोन तात्ने पनि आम समस्या बनिसकेको छ । कहिलेकाहीँ फोन यति धेरै तात्छ कि त्यसलाई हातमा समाउन पनि गाह्रो हुन्छ । लगातार गेमिङ, भिडियो रेकर्डिङ, चार्ज भइरहेको बेला फोन चलाउने वा कडा घाममा फोन राख्ने जस्ता कारणहरूले गर्दा डिभाइस निकै छिटो तात्ने गर्छ । धेरै घटनाहरूमा ओभरहिटिङका कारण फोन पड्किने वा आगो लाग्ने खबरहरू पनि बाहिर आउने गर्छन् । आउनुहोस्, हामी तपाईंलाई बताउँछौँ कि गर्मीमा फोन धेरै तात्दा सबैभन्दा पहिले कुन भाग बिग्रन्छ र यसबाट कसरी बच्न सकिन्छ ।

**सबैभन्दा पहिले बिग्रन्छ ब्याट्री**

मोबाइल विज्ञहरूका अनुसार, फोन ओभरहिट हुँदा त्यसको सबैभन्दा ठुलो असर ब्याट्रीमा पर्छ । लगातार उच्च तापक्रममा रहँदा ब्याट्रीको क्षमता कम हुन थाल्छ । धेरै पटक ब्याट्री फुलिन थाल्छ, चाँडै डिस्चार्ज हुन्छ वा फोन अचानक बन्द हुन थाल्छ । यदि समयमै ध्यान दिइएन भने ब्याट्रीको साथसाथै मदरबोर्ड र प्रोसेसरमा पनि असर पर्न सक्छ। यही कारणले गर्दा ओभरहिटिङलाई सामान्य रूपमा लिनु महँगो पर्न सक्छ ।

**के कारणले तात्छ फोन ?**

फोन तात्नुको सबैभन्दा ठूला कारणहरूमा लामो समयसम्म गेम खेल्नु, हाई रिजोलुसन भिडियो रेकर्ड गर्नु, लगातार भिडियो स्ट्रिमिङ गर्नु, ब्याकग्राउन्डमा एकैसाथ धेरै एपहरू चल्नु र कमजोर नेटवर्क भएको ठाउँमा इन्टरनेट चलाउनु समावेश छन् । यसबाहेक, फास्ट चार्जिङ भइरहेको बेला फोन चलाउनु, लोकल वा पुरानो चार्जर प्रयोग गर्नु र फोनको स्टोरेज फुल हुनुले पनि डिभाइसलाई तताउन सक्छ । धेरै मानिसहरू चार्ज गर्दा फोनलाई डस्ना, सिरानी वा तन्नामा राख्छन्, जसले गर्दा तातोपन बाहिर निस्कन पाउँदैन र तापक्रम तीव्र रूपमा बढ्न थाल्छ ।

**घाम र तातो ठाउँ बन्न सक्छ खतरा :** टेक विज्ञहरूको भनाइ अनुसार, गर्मीमा सिधा घाम पर्ने ठाउँ वा कारभित्र फोन छोड्नु सबैभन्दा खतरनाक हुन सक्छ । धेरै पटक मानिसहरू फोनलाई चाँडै चिसो बनाउन फ्रिज वा बरफको नजिक राख्छन् । तर यसो गर्नु पनि हानिकारक साबित हुन सक्छह किनभने अचानक तापक्रम परिवर्तन हुँदा फोनभित्र चिस्यान बन्न थाल्छ, जसले गर्दा भित्री भागहरू बिग्रन सक्छन् ।

**फोन धेरै तात्यो भने तुरुन्तै गर्नुहोस् यो काम :** यदि फोन आवश्यकताभन्दा बढी तात्यो भने सबैभन्दा पहिले चार्जरबाट निकाल्नुपर्छ। यसपछि फोनको बाक्लो ब्याक कभर हटाउनुपर्छ, ताकि तातोपन सजिलै बाहिर निस्कन सकोस् । केही समयका लागि फोनलाई एयरप्लेन मोडमा राख्नु वा स्विच अफ गर्नु पनि फाइदाजनक मानिन्छ । कमजोर नेटवर्क भएको ठाउँमा फोनले लगातार सिग्नल खोजिरहन्छ, जसले गर्दा ब्याट्री र प्रोसेसरमा दबाब बढ्छ र फोन धेरै तात्ने गर्छ । यस्तो अवस्थामा केही बेरका लागि डेटा वा मोबाइल नेटवर्क बन्द गर्नाले पनि मद्दत पुग्न सक्छ ।

**एन्ड्रोइड प्रयोगकर्ताहरूले यो सेटिङ बदल्नुहोस् :** एन्ड्रोइड प्रयोगकर्ताहरूले वाई-फाई स्क्यानिङ र ब्लुटुथ स्क्यानिङ बन्द गर्न सक्छन् । आवश्यकता नभएको बेला लोकेसन र माइक्रोफोनको अनुमति हटाउनाले पनि फोन तात्ने समस्या कम गर्न मद्दत गर्छ । त्यस्तै, १२० हर्ज स्क्रिन भएको फोनमा रिफ्रेस रेटलाई ६० हर्जमा झार्दा ब्याट्रीको खपत कम हुन्छ र फोन पनि कम तात्छ । यदि फोनमा फास्ट चार्जिङको अप्सन छ र फोन लगातार तातिरहेको छ भने गर्मी मौसममा यसलाई बन्द गर्नु पनि फाइदाजनक मानिन्छ ।

*-रातोपाटी डटकम*


# सावधान ! तपाईंको आधुनिक कारले तपाईंको जासुसी त गरिरहेको छैन ?



आधुनिक कारहरू अब केवल यातायातका साधन मात्र रहेनन्, यी पाङ्ग्रा गुड्ने कम्प्युटर जस्तै बनेका छन् । यस्तो पाङ्ग्रा गुड्ने कम्प्युटरले चालकको अति गोप्य जानकारी संकलन गरिरहेका छन् । पछिल्लो समय कार निर्माता कम्पनीहरूले चालकको अवस्थिति, गाडी चलाउने शैली, सिट बेल्टको प्रयोग र अनुहारको हाउभाउ समेत ट्र्याक गर्ने गरेको पाइएको छ । कतिपय गाडीमा जडान गरिएका क्यामेरा र सेन्सरले चालकको तौल, उमेर, जाति र स्वास्थ्य अवस्था जस्ता निजी विवरणहरू समेत संकलन गरेर कम्पनीहरूलाई पठाउने गरेका छन्। 'मोजिला' फाउन्डेसनले गरेको एक अध्ययन अनुसार, गोपनीयताका हिसाबले कारहरू संसारकै सबैभन्दा खराब उत्पादनको सूचीमा परेका छन्। संकलित यस्ता तथ्याङ्कहरू कार निर्माताले बीमा कम्पनीहरूलाई बिक्री गर्ने गरेका छन्, जसका कारण धेरै चालकहरूको बीमा शुल्क उल्लेख्य रूपमा वृद्धि भएको पाइएको छ । अमेरिकामा लागू हुन लागेको नयाँ कानुनले मापसे गरेर गाडी चलाउनेलाई रोक्न इन्फ्रारेड क्यामेरा अनिवार्य गर्ने भएपछि चालकको जैविक विवरण झन् बढी जोखिममा पर्ने देखिएको छ । विज्ञहरूका अनुसार कार कम्पनीहरूले सुरक्षा र सुविधाको बहानामा ठूलो 'डाटा साम्राज्य' खडा गरिरहेका छन् । यसबाट बच्न चालकहरूले गाडीको इन्फोटेनमेन्ट सिस्टम र मोबाइल एपमा रहेका गोपनीयता सेटिङहरू जाँच गर्नुपर्ने, अनावश्यक एपहरू कनेक्ट नगर्ने र बीमा कम्पनीका 'ट्र्याकिङ' प्रोग्रामहरूमा आबद्ध हुनुअघि सचेत हुनुपर्ने सुझाव दिइएको छ । यद्यपि, बलियो कानुनको अभावमा प्रयोगकर्ताको गोपनीयता सुरक्षित राख्न अझै ठूलो चुनौती रहेको अध्ययनलाई उद्दृत गर्दै बीबीसीले उल्लेख गरेको छ ।

*-डिसी नेपाल डटकम*

# एनभिडियाको एकाधिकार र चिप बजारको विश्व-राजनीति




स्पेसएक्सका एलन मस्क, एप्पलका टिम कुक अनि एनभिडिया (NVIDIA) का जेन्सेन ह्वाङ जस्ता सिलिकन भ्यालीका महारथीहरूलाई विशेष 'एअरफोर्स वान' विमानमा राखेर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हालै जब चिनियाँ राष्ट्रपति सी जिनपिङसँग बेइजिङमा 'हाई-स्टेक' वार्ता गरे, तब संसारका कूटनीतिज्ञहरू रन्थनिए । सतहमा यो व्यापारिक भ्रमण जस्तो देखिन्थ्योह तर भित्रभित्रै यो विश्वको शक्तिशाली नेता पुष्टि गर्ने प्रतिस्पर्धा थियो। यसले कम्तीमा एउटा कुरा घामजत्तिकै छर्लङ्ग गरिदियो- ट्याङ्कर वा ब्यालेस्टिक मिसाइल नभएर अहिलेको विश्व-राजनीतिको मुख्य चासो आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र त्यसलाई चलाउने सिलिकनको एउटा सानो टुक्रा अर्थात् 'माइक्रोचिप' हो । हरेक मुलुकका भान्सादेखि बैङ्किङ प्रणालीसम्मलाई यिनै साना टुक्राले एक थोपा रगत नबगाइकनै नियन्त्रण गरी आफ्नो इशारामा नचाउन थालेका छन् । हामीले चलाउने च्याट जीपीटी होस् वा गुगलको जेमिनी- यी सबै एआईहरूको क्षमता तेज बनाउनका लागि संसारका सबैभन्दा ठूला प्रविधि-हस्तीहरू (गुगल, माइक्रोसफट, मेटा, अमेजन आदि) एउटै कम्पनीको ढोकामा जोगी जस्तै कचौरा लिएर लाइन लागिरहेका छन्। त्यो कम्पनीको नाम हो (NVIDIA) विश्व-बजारमा अत्याधुनिक एआई चिप्सको झन्डै ९० प्रतिशत हिस्सा NVIDIA एक्लैको नियन्त्रणमा छ । NVIDIA जत्तिकै शक्तिशाली हार्डवेयर बनाउने क्षमता राख्ने एएमडी र इन्टेल जस्ता पुराना र अनुभवी खेलाडीहरू बजारमा भएर पनि संसारका अर्बपतिहरू NVIDIA कै चिप किन्न किन मरिहत्ते गरिरहेका छन् ? हार्डवेयर र सफ्टवेयर प्रविधिमा अकल्पनीय नवप्रवर्तन गर्न सक्ने अन्य कम्पनीहरूले NVIDIA चिपको विकल्प किन निकाल्न सकेका छैनन् त ? हाम्रै परिवेशका सरल उदाहरणहरू समेत प्रयोग गरेर यो विश्वव्यापी जटिल प्रविधिको रोचक खेललाई यस आलेख मार्फत सर्वसाधारणका लागि स्पष्ट पार्ने कोशिश गरिएको छ।

**सीपीयू र जीपीयूको भिन्नता : प्रोसेसरको चुरो कुरो**

चिप बजारको यो भयंकर राजनीति बुझ्न कम्प्युटर वा मोबाइलभित्र रहने प्रोसेसरका दुई मुख्य प्रकारहरू- सीपीयू (सेन्ट्रल प्रोसेसिङ युनिट) र जीपीयू ( ग्राफिक्स प्रोसेसिङ युनिट) बीचको भिन्नता बुझ्न जरूरी छ । यसका लागि हाम्रो गाउँघरको एउटा सुन्तला बगानको सन्दर्भसँग दाँजेर हेरौं। मानौं, एक ठूलो सुन्तला बगानबाट १० हजार वटा सुन्तला टिपेर स्थानीय बजारसम्म पुऱ्याउनुपर्नेछ । यसका लागि हामीसँग केवल दुईवटा विकल्प छन् । पहिलो विकल्प हो-गाउँको एउटा चलाख र बलियो भरिया (अर्थात् सीपीयू) मार्फत ढुवानी गराउने । यो भरिया गाउँकै सबैभन्दा जान्नेसुन्ने, चलाख र बलियो मान्छे हो । उसले छोटो बाटो पत्ता लगाउन र एक्लैले ठूलो डोकोमा १०० वटा सुन्तला बोकेर दौडिन सक्दछ । तर समस्या के छ भने, जति नै धेरै बल गरे पनि उसले एक पटकमा १०० वटाभन्दा बढी सुन्तला लैजान सक्दैन। १० हजार सुन्तला पुऱ्याउन उसले पालैपालो १०० पटक ओहोरदोहोर गर्नुपर्छ । प्रविधिको भाषामा यसलाई 'सेरियल प्रोसेसिङ' (एकपछि अर्को काम क्रमैसँग गर्ने तरिका) भनिन्छ । सफ्टवेयर खोल्ने वा हिसाब गर्ने जस्ता कम्प्युटरका सामान्य कामका लागि सीपीयू अब्बल हुन्छ । दोस्रो विकल्प हो- ५०० जना स्कूले केटाकेटी (अर्थात् जीपीयू) लाई लगाउने। यी साना केटाकेटीहरू उक्त रैथाने भरियाजत्तिकै बौद्धिक, चलाख वा एकाग्र छैनन् र उनीहरूलाई कठिन भूगोलबारे पनि थाहा छैन । तर, ती ५०० जना केटाकेटीलाई लामबद्ध गरेर प्रत्येकको झोलामा २०-२० वटा सुन्तला थमाइदिएर एकैचोटि हिंडायो भने सबै जना एकैसाथ र एकै पटक (पारालल) हिंड्ने भएकाले १० हजार वटा सुन्तला केवल एकै टिपमा बजारमा पुग्दछ। प्रविधिको भाषामा यसलाई 'पारालल प्रोसेसिङ' (हजारौं साना कामहरू एकैसाथ गर्ने तरिका) भनिन्छ। आर्टिफिसियल इन्टेलिजेन्सलाई मानिसको अनुहार चिन्ने, भाषा अनुवाद गर्ने वा नयाँ डाटा विश्लेषण गर्ने आदि जस्ता कामका लागि कुनै ठूलो र गाह्रो गणित समाधान गर्नुपर्दैन। यसलाई लाखौं-करोडौं साना र साधारण हिसाबहरू एकै सेकेन्डमा फत्ते गर्नुपर्ने हुन्छ। त्यसैले, एआईको संसारमा सीपीयूभन्दा जीपीयू लाखौं गुणा बढी प्रभावकारी र उपयोगी हुन्छ। NVIDIA ले सन् २००६ मै यो कुरा बुझेर आफ्नो पूरा ध्यान जीपीयूको विकासमा लगाएको थियो, जबकि अरू कम्पनीहरू उच्चस्तरका सीपीयूको विकासमा अल्झिरहेका थिए ।

**'कुडा' सफ्टवेयरको चक्रव्यूह**

दुई दशकअघिदेखि नै NVIDIA जीपीयू चिपको विकासमा केन्द्रित हुँदै आयो। यसलाई सरसर्ती हेर्दा NVIDIAको सफलता उसको हार्डवेयर (चिपको भौतिक क्षमता) का कारणले मात्र भएको हो भन्ने धेरैलाई लाग्न सक्दछ । तर त्यो सतही सत्य मात्र हुनेछ । NVIDIA को वास्तविक र सबैभन्दा खतरनाक शक्ति हो- 'कुडा' (सीयूडीए- कम्प्युट युनिफाइड डिभाइस आर्किटेक्चर) नामक उसले विकास गरेको सफ्टवेयर । यो NVIDIA ले सन् २००६ मा बनाएको एउटा यस्तो सफ्टवेयर प्लेटफर्म हो, जसले प्रोग्रामरहरूलाई जीपीयूको भित्री मेसिनसँग सिधै कुरा गर्ने र काम लगाउने भाषा (प्रोग्रामिङ) सिकाउँदछ । यसको बारेमा थप स्पष्ट हुन हाम्रो मौलिक उदाहरण नै लिऊँ । मानौं, कुनै गाउँबाट मुख्य शहर जाने एउटा मात्रै ठूलो, चिल्लो र पक्की बाटो छ। त्यो बाटोको नाम हो- कुडा। विगत २० वर्षदेखि गाउँका सबै मानिस, व्यवसायी र सवारी चालकहरूले त्यही बाटो मात्र प्रयोग गरिरहेका छन्। उनीहरूले किनेका गाडीहरू, बाटोका होटल र पेट्रोल पम्पहरू सबै त्यही पिच बाटोको चौडाइ, नियम र मोडलाई मध्यनजर गरेर बनेका छन् । यत्तिकैमा एउटा प्रतिस्पर्धी कम्पनी (जस्तै एएमडी) बजारमा आउँछ र भन्छ, 'हेर्नुस्, हामीले NVIDIA को भन्दा सस्तो र धेरै सामान लोड गर्न मिल्ने नयाँ गाडी (चिप) बनाएका छौं, यो किन्नु' तर त्यो नयाँ चिप प्रयोग गर्नका लागि ठूलो समस्या आइपर्छ। त्यो नयाँ गाडीले NVIDIA को 'कुडा' भन्ने पिच बाटोमा गुड्नका लागि अनुमति नै प्राप्त गरेको छैन । त्यसैले यदि त्यो नयाँ सस्तो गाडी प्रयोग गर्ने नै हो भने-गाउँलेहरूले पुरानो पिच बाटो छोडेर, जङ्गल फाँडेर, आफ्नै खर्चमा नयाँ कच्ची बाटो खन्नुपर्छ, नयाँ नक्शा बनाउनुपर्छ र चालकहरूलाई फेरि नयाँ ड्राइभिङ तालिम दिनुपर्ने हुन्छ । जुन आर्थिक हिसाबले उपयुक्त र सम्भव नै हुँदैन । त्यसैले, कुनै पनि ठूलो प्रविधि कम्पनी (जस्तै ओपन एआई वा गुगल) ले NVIDIA को कुडाको सट्टा आफ्नै अर्को सफ्टवेयर शुरुदेखि विकास गर्न अर्बौं डलर खर्च गरी लामो समय लगाउनुपर्ने हुन्छ। एआई बनाउने मुख्य डिजिटल आधारहरू- पाई टर्च र टेन्सरफ्लो- पूर्ण रूपमा 'कुडा' सफ्टवेयरमा मात्र चल्ने गरी डिजाइन गरिएका छन्। यसलाई प्रविधिको भाषामा 'सफ्टवेयर इकोसिस्टम लक्ड-इन' भनिन्छ। NVIDIAको सफ्टवेयरको यही निजी प्रकृतिको 'पिच बाटो' का कारण नै ग्राहकहरू अरूको चिप सस्तो भए पनि किन्न सक्दैनन् ।

**तयारी म:म मसला जस्ता सफ्टवेयर लाइब्रेरी र टुलकिटहरू**

आफ्नो यो 'एकाधिकार' लाई NVIDIA ले सफ्टवेयर विकासको पक्षबाट अझ बढी खतरनाक र बलियो बनाएको छ । यसलाई प्राविधिक भाषामा 'सफ्टवेयर मोट' (सफ्टवेयरको सुरक्षा पर्खाल) भनिन्छ । जब कुनै प्रोग्रामरले एआई सफ्टवेयर बनाउँछ, उसले हरेक कोड शुरुदेखि आफैं लेख्दैन। NVIDIA ले 'कुडा' सँगसँगै विभिन्न कामका लागि तयारी कोडहरूको प्याकेज (एआईका लागि अगम्ल र स्पिड बढाउनका लागि TensorRT जस्ता सृटवेयर लाइब्रेरीहरू) बनाएको छ । यसलाई सजिलोसँग बुझ्न म:म पसलको उदाहरणसँग जोडौं । हामीले बजारमा एउटा ठूलो म:म पसल (एआई कम्पनी) खोल्यौं भने म:मलाई स्वादिलो बनाउन धेरै थरीका जडीबुटी र विभिन्न मसलाहरू जम्मा गर्नुपर्ने हुन्छ । यसका लागि NVIDIA ले एउटा तयारी म:म मसलाको बट्टा दिन्छ, जुन मसला किमामा हाल्नेबित्तिकै तुरुन्तै बजारकै सबैभन्दा स्वादिलो म:म बन्छ। यसबाट हाम्रो समय र मिहिनेत दुवै बच्छ र तत्काल आम्दानी शुरु गर्न सकिन्छ। अर्कातिर प्रतिस्पर्धीहरू (एएमडी/इन्टेल) आउँछन् र भन्छन्, 'हाम्रो किचेन र भाँडाकुँडा (हार्डवेयर) सस्तो छ, यसमा म:म पकाउनुस्।' तर, उनीहरूसँग त्यो तयारी मसलाको बट्टा हुँदैन। त्यो सस्तो भाँडा प्रयोग गरी म:म पकाउने हो भने हामीले बजार वा जङ्गलमा गई आफैं जडीबुटी खोजेर र विभिन्न मसला जम्मा गरी सिलौटोमा पिसेर किमा तयार पार्नुपर्ने हुन्छ। यस अवस्थामा कुनै पनि म:म पसलको साहुजी (सफ्टवेयर डेभलपर) ले धेरै मिहिनेत गर्नुभन्दा NVIDIA को तयारी मसला किन्नु नै बुद्धिमानी मान्छ। यसले गर्दा नयाँ, पुराना कुनै पनि प्रोग्रामरहरूले NVIDIA छोड्नै सक्दैनन् । उनीहरू लगानी, समय र नाफा सबै हिसाबले NVIDIA को सफ्टवेयरको रणनीतिक जालोमा बाँधिएका छन् ।

*-अनलाइन खबर डटकम*

# गंगा दशहरा व्रत आज श्रद्धापूर्वक मनाइँदै



**पाल्पा,** जेठ ११/ हिन्दू धर्मावलम्बीहरूले पवित्र नदी गंगाको अवतरण दिवसका रूपमा मनाइने गंगा दशहरा व्रत आज देशभर श्रद्धा र भक्तिपूर्वक मनाउँदै छन् । प्रत्येक वर्ष ज्येष्ठ शुक्ल दशमीका दिन यो पर्व मनाउने परम्परा रहेको छ ।

धार्मिक मान्यताअनुसार राजा भगीरथको कठोर तपस्यापछि स्वर्गबाट पृथ्वीमा गंगा अवतरित भएकी थिइन् । गंगाको जलले पाप नाश हुने तथा मोक्ष प्राप्त हुने विश्वास गरिन्छ । यस दिन नदी, तलाउ तथा तीर्थस्थलमा स्नान गरी भगवान् शिव र गंगा माताको पूजा-आराधना गर्ने चलन छ । पुराणअनुसार सत्ययुगमा सूर्यवंशी राजा सगरका छोराहरूको मुक्तिका निम्ति भगीरथले तपस्याद्वारा गंगालाई पृथ्वीमा ल्याएको मानिने ज्येष्ठ शुक्ल दशमीका दिन मिथिला क्षेत्रमा यो पर्व मनाइने परम्परा छ । गंगा स्नान गर्न नसक्नेले नजिकका नदी तथा तलाउमा स्नान गरी यो पर्व मनाउँछन् । सूर्योदयअघि स्नान गरेर नुहाएको जलाशयलाई गंगा रूप मानेर पूजाअर्चना गरिन्छ । यसैगरी शिवजीलाई जलाभिषेक गरेर यो दिन उपवास बसे कायिक (शरीरबाट हुने), वाचिक (बोलीबाट हुने) र मानसिक (चेतनाबाट जानाजान हुने) १० प्रकारका महापाप यस दिनको स्नान र उपवासले नास हुने जनविश्वास छ । गर्मी मौसममा नदी तथा जलस्रोतको संरक्षण गर्नुपर्ने सन्देश पनि यस पर्वले दिने धार्मिक विद्वानहरूको भनाइ छ । सरकारले पनि पवित्र नदी तथा जलसम्पदाको संरक्षणमा सबैलाई सचेत रहन आग्रह गरेको छ ।

# सिद्धबाबा सुरुङमार्गको...

**डिजिटल लुम्बिनी र उद्यमशील लुम्बिनी अभियान**

प्रदेश सरकारले उद्यमशील लुम्बिनी र डिजिटल लुम्बिनी अभियानलाई रुपान्तरणकारी कार्यक्रमका रुपमा सञ्चालन गर्ने भएको छ । वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई कृषि र अन्य उद्यममा आकर्षित गर्न प्रविधि र स्टार्टअप सहयोग सहितका कार्यक्रम ल्याइनेछ । महिलाहरूलाई आर्थिक रुपमा सक्षम बनाउन लुम्बिनीका महिला: उद्यमशीलतामा पहिला कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

**एकीकृत पर्यटन डिजिटल प्रचार**

नेपाल सरकारले घोषणा गरेको भिजिट नेपाल २०८५ बाट लाभ लिन एकीकृत पर्यटन डिजिटल प्लेटफर्ममार्फत प्रचार-प्रसार गरिनेछ । प्रदेशको पर्यटन विकासका लागि लुम्बिनी, स्वर्गद्वारी र बर्दिया राष्ट्रिय निकुञ्जलाई जोडेर सिल्भर ट्रिङ्गलका रूपमा विकास गरिने नवीन योजना अघि सारिएको छ । साथै साहसिक पर्यटनका लागि रोल्पा र रुकुम पूर्वको पुथा हिमालमा बेसक्याम्प र पदमार्ग निर्माण गरिनेछ । कोइलाबासदेखि गोरक्षरत्ननाथ मन्दिर हुँदै स्वर्गद्वारीसम्म धार्मिक तथा सांस्कृतिक पथको रुपमा विकास गरिने, लुम्बिनीदेखि मुक्तिनाथसम्म धार्मिक परिपथका रुपमा प्रवर्द्धन गरिने उल्लेख छ ।

**पूर्वाधार र सामाजिक सुरक्षा**

पूर्वाधारतर्फ अधुरा आयोजनाहरूलाई छिटो सम्पन्न गर्न 'अधुरा: गर पूरा' को नीति लिइनेछ । प्रदेश सरकारले सुरु गरेका सघन खानेपानी विकास कार्यक्रमलाई उच्च प्राथमिकता दिँदै 'एक घर: एक धारा' को सङ्कल्प कार्यान्वयन गरिने, खानेपानीको क्षेत्रमा बजेट विनियोजन गर्दा 'अधुरा: गर पूरा' को नीति अवलम्बन गरी असी प्रतिशत कार्य सम्पन्न भइसकेका आयोजनालाई उच्च प्राथमिकतामा राखी पूरा गर्ने कार्य अघि बढाइने नीति तथा कार्यक्रमले प्राथमिकतामा राखेको छ । लुम्बिनी प्रदेशका पहाडी जिल्लाहरूका प्रमुख आर्थिक केन्द्रहरूलाई समेटी गण्डकी र कर्णाली प्रदेशलाई समेत जोड्ने प्रदेश गौरवको आयोजनाको रुपमा रहेको रामपुर-कपुरकोट सडकलाई उच्च प्राथमिकता दिई निर्माण कार्यलाई निरन्तरता दिइने उल्लेख छ । झोलुङ्गे पुल निर्माण कार्यलाई प्राथमिकतामा राख्ने, १२० मिटरभन्दा छोटा झोलुङ्गे पुल निर्माण गर्न स्थानीय तहलाई प्राविधिक सहायता उपलब्ध गराइने छ । वर्षे पानी सङ्कलनका लागि स्थानीय तहसँगको समन्वयमा कृत्रिम पोखरी, पुराना ताल तथा पोखरीको निर्माण र संरक्षण गर्न 'एक वडा एक पोखरी' कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिने, पहाडका जिल्लामा छरिएर रहेका बस्तीलाई एकीकृत गर्न र बसाइँसराइलाई निरुत्साहित गर्न घनाबस्ती र सहरोन्मुख क्षेत्रहरूमा बस्ती विकास तथा सहरी पूर्वाधार निर्माण कार्य विस्तार गर्दै लगिने, एक जिल्ला, एक नमूना बस्ती कार्यक्रमअन्तर्गत प्रदेशका प्रत्येक जिल्लामा कम्तीमा एउटा नमूना बस्ती विकासका लागि स्थानीय तहसँगको सहकार्य तथा साझेदारीमा सम्भाव्यता अध्ययन गरी क्रमश: कार्यान्वयन गरिने उल्लेख छ । वन्यजन्तुबाट हुने सबै प्रकारका क्षतिका लागि राहत वितरण र बाली बिमा कार्यक्रमलाई निरन्तरता दिइने, घाइते र बिरामी वन्यजन्तुको संरक्षण गर्न उद्धार केन्द्र सञ्चालनमा ल्याई उद्धार एम्बुलेन्स सेवा सुरु गरिने उल्लेख छ । दलित, जनजाति, अपाङ्गता भएका, विपन्न तथा सीमान्तकृत समुदायको शिक्षामा पहुँच सुनिश्चित गर्दै सामुदायिक विद्यालय सुदृढीकरणका लागि 'मेरो विद्यालय, मेरो दायित्व' अभियान विस्तार गरिने, प्राविधिक तथा उच्च शिक्षाको विकाससँगै लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई उत्कृष्ट केन्द्रका रूपमा विकास गरिने नीति लिइने, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको संरक्षण र सशक्तीकरणका कार्यक्रमलाई निरन्तरता दिइने छ । साथै, सीपमूलक रोजगारी प्रवर्द्धनका लागि प्रदेशभर स्किल्स म्यापिङ सुरु गरिने र सामाजिक रूपले पछाडी परेका समुदायका लागि लक्षित कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ ।

**स्वास्थ्यमा प्राथमिकता**

सुरक्षित मातृत्व अभियानलाई निरन्तरता दिँदै दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरीका लागि नि:शुल्क एम्बुलेन्स र हवाई उद्धार सेवा सञ्चालन गर्ने भएको छ । सुरक्षित प्रसूति सेवा विस्तार, ग्रामीण अल्ट्रासाउन्ड सेवा तथा जनसंख्या नीति कार्यान्वयनलाई प्राथमिकता दिइनेछ । 'नेपाल आरोग्य वर्ष २०२७' अन्तर्गत योग, ध्यान र मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम अघि बढाइनेछ । प्रदेशका प्रमुख अस्पतालहरूको स्तरोन्नति, जलन, डायलाइसिस, क्यान्सर र मुटु रोग उपचार सेवाको विस्तार गरिने, डिजिटल स्वास्थ्य सूचना प्रणाली, मोबाइल एप र सामुदायिक स्वास्थ्य अभिलेख प्रणाली सुदृढ गरिने, आयुर्वेद र वैकल्पिक चिकित्साको प्रवर्द्धनसँगै स्वास्थ्यकर्मीको क्षमता विकास र दुर्गम क्षेत्रमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने प्रदेश सरकारले जनाएको छ । स्वास्थ्य क्षेत्रमा राप्ती प्रादेशिक अस्पताललाई २०० शय्याको अस्पतालमा स्तरोन्नति गरिनेछ भने लुम्बिनी र राप्ती प्रादेशिक अस्पतालमा जलन उपचार सेवा विस्तार गरिनेछ । अन्तरसरकारी समन्वयलाई प्रभावकारी

*-रासस*

## खेलकुद समाचार

### कोलकाता बाहिरियो दिल्लीको सान्त्वना जित



**काठमाडौं,** जेठ ११/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा दिल्ली क्यापिटल्सले कोलकाता नाइट राइडर्सलाई ४० रनले हराएको छ । मुम्बईमा पहिले ब्याटिङ गरेको दिल्लीले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर २०३ रन बनायो । दिल्लीका लागि केएल राहुलले आक्रामक ब्याटिङ गर्दै ३० बलमा ६० रन बनाए । २०४ रनको लक्ष्य पछ्याएको कोलकाता १८ ओभर ४ बलमा १६३ रनमा समेटियो । मुम्बई इन्डियन्स राजस्थान रोयल्ससँग पराजित भएपछि कोलकाता र पञ्जाब किंग्स दुवै प्लेअफ दौडबाट बाहिरिएका छन् । प्लेअफको सम्भावना जोगाउन कोलकातालाई यो खेल जित्नैपर्ने दबाब थियो । यो जित दिल्ली क्यापिटल्सका लागि सान्त्वना बनेको छ भने कोलकाता नाइट राइडर्सको प्लेअफ यात्रा समाप्त भएको छ । राजस्थानले मुम्बईलाई हराउँदै प्लेअफमा स्थान बनाएको छ । लिगको आफ्नो अन्तिम खेलमा मुम्बई इन्डियन्सलाई ३० रनले हराउँदै राजस्थानले अन्तिम चारमा स्थान सुरक्षित गरेको हो । यो नतिजापछि पञ्जाब किंग्स र कोलकाता नाइट राइडर्स प्रतियोगिताबाट बाहिरिएका छन् । जोफ्रा आर्चरले २ विकेट लिएपछि मुम्बईमाथि राजस्थानले महत्त्वपूर्ण जित निकालेको हो । यो जितसँगै राजस्थान १६ अंकसहित अंक तालिकाको चौथो स्थानमा पुग्यो ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से २७ अङ्कले बढ्यो




**पाल्पा,** जेठ ११/हप्ताको पहिलो कारोबार दिन शेयर बजार दोहोरो अङ्कले बढेको छ । शेयर बजार परिसूचक नेप्से सोमबार २७ दशमलव ८५ अङ्कले बढेर २ हजार ७८६ दशमलव ३५ विन्दुमा पुगेको हो ।

नेप्से झन्डै १ महिनायताकै उच्च विन्दुमा पुगेको छ । गएको वैशाख १४ गते नेप्से २ हजार ७९६ विन्दुमा पुगेको थियो । सोमबार म्युचल फन्ड बाहेक सबै समूहका सूचक बढेकामा जलविद्युत् समूहको सूचक डेढ प्रतिशतले उकालो लागेको छ । सोमबार २३५ वटा कम्पनीको शेयर बढेकामा २८ वटाका घटेका छन् । यस्तै ७ वटा कम्पनीको शेयर भने घटबढ भएका छैनन् । सोमबार थ्री स्टार हाइड्रोपावरको शेयर ९ प्रतिशतले बढेको छ । समग्रमा बजार बढेको दिन बङ्गल हाइड्रोपावरको शेयर १० दशमलव ३२ प्रतिशतले घटेको छ । सोमबार नेप्सेसँगै कारोबार रकम पनि बढेको छ । ४ अर्ब ४९ करोडको कारोबार भएकोमा सोमबार ३४२ वटा कम्पनीका १ करोड ४५ लाख कित्ता शेयर ५ अर्ब ९८ करोड रुपैयाँमा किनबेच भएको छ । यो कारोबार रकम झन्डै १ महिनाकै धेरै हो । यसअघि वैशाख १५ गते ६ अर्ब ५३ करोड रुपैयाँको शेयर किनबेच भएको थियो ।


## भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

CTEVT बाट स्वीकृति प्राप्त यस पाल्पा टेक्निकल इन्स्टिच्यूट तानसेन, पाल्पामा शैक्षिक वर्ष २०८३/०८४ को लागि ३ वर्षे डिप्लोमा कार्यक्रम/प्रमाण पत्र तह **सामान्य चिकित्सा**(H.A.), **मेडिकल ल्याब्रोटोरी टेक्नोलोजि** (CMLT) र **फिजियोथेरापी** विषयमा भर्ना खुलेको जानकारी गराउँदै उक्त विषय अध्ययन गर्न ईच्छुक SLC वा SEE मा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको विद्यार्थीहरुले भर्नाको लागि समयमै सम्पर्क गर्न जानकारी गराईन्छ ।

**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**

१) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो ।
२) एस.एल.सी.वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी ।
३) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।
४) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।
५) आफु पर्ने लक्षित वर्ग खुल्ने कागजातको सक्कल प्रति ।

**- आवेदन फारम ईन्स्टीच्युटबाट वितरण भैरहेको छ ।**
**- फारम बुझाउने अन्तिम मिति-२०८३ जेष्ठ १३ गते बुधबार**
**(कार्यालय समय भित्र)**

**सम्पर्क**
**पाल्पा टेक्निकल ईन्स्टिच्युट**
**मेहलधारा -२, तानसेन, पाल्पा**
**(पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र नजिकै (आफ्नै भवनमा)**
फोन नं. ०७५-५२०७१४
मोबाईल नम्बर ९८५७०६०३४६, ९८४७०२९८१६, ९८४७०६८०५२,९८४५६३५१७४

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई